# आर्थिक वर्ष २०८३/८४ को
# वजेट वक्तव्य

उपाध्यक्ष श्री विपना कुलुङज्यूद्वारा प्रस्तुत बजेट वक्तव्य

महाकुलुङ गाउँपालिका

बुङ, सोलुखुम्बु ।

महाकुलुङ गाउँपालिका

# महाकुलुङ गाउँपालिकाको मिति २०८३ असार १० गतेको गाउँसभामा उपाध्यक्ष श्री विपना कुलुङले प्रस्तुत गर्नु भएको वजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/८४ को
## वजेट वक्तव्य

महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

**यस सभाका सभाध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**
**सुरक्षाकर्मी तथा संचारकर्मीहरु ।**

१. नेपालको संविधानको धारा २३० बमोजिम महाकुलुङ गाउँपालिकाको आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने व्यवस्था भए बमोजिम यस महाकुलुङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले अठारौं गाउँसभामा आगमी आर्थिक वर्ष २०८३।८४ को लागि वजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरिएको छ । यस महत्वपुर्ण अवसरमा मुलुकको राष्ट्रियता रक्षा, विभिन्न राजनीतिक परिवर्तन लगायतका महत्वपूर्ण आन्दोलनमा अमूल्य जीवन गुमाउनु हुने ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै विभिन्न जनआन्दोलनका घाइतेहरू तथा पिडित परिवारलाई सम्मान व्यक्त गर्न चाहन्छु । राष्ट्रियता र स्वधीनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेको यस महाकुलुङ बासी जनता र राजनीतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. प्राकृतिक स्रोत साधन, पर्यटकीय स्थल, जलस्रोत, कृषि क्षेत्रको दृष्टिले धनी स्थानीय तह हो महाकुलुङ गाउँपालिका । स्थानीय तहको स्थापना पश्चात वितेको एक दशकमा यस गाउँपालिकाको पूर्वाधार विकास, सामाजिक शैक्षिक विकास, जनशक्ति विकास, संस्थागत पूर्वाधारको पर्याप्त विकास भएको छ । स्थानीय सरकारको माध्यममबाट महाकुलुङ जस्तो दुरदराजका नागरिकले घरघरमा सेवा प्राप्त गर्ने अवसर पाएका छन् । यस महाकुलुङ गाउँपालिकाका लागि स्थानीय तह सहितको संघीयता वरदान सावित भएको छ ।

३. निजी, सहकारी, गैर-सरकारी संघसंस्थाहरूलाई गाउँपालिकाले विकासको मेरुदण्डको रुपमा स्वीकार गरी लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ ।

४. नेपालको प्रचालित संविधान, ऐन कानुन वमोजिम स्थानीय सरकारहरुको गठन पश्चात प्रत्येक वर्ष आषाढ महिनाको १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमहरू आ-आफ्नो सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

५. महाकुलुङ गाउँपालिकाको आगमी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र प्रदेशको बजेट सीमा, महाकुलुङ गाउँपालिकाको आवधिक योजना, मध्यकालीन खर्च संरचना, महाकुलुङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट निर्धारण समिति, दिगो विकासको लक्ष्य आदिलाई

आधारको रुपमा लिइएको छ । साथै स्थानीय सामाजिक संघ, संस्था, बुद्धिजिवी, राजनीतिकर्मी, भद्रभलादमी आदिको सुझावहरूलाई पनि मार्गदर्शनको रुपमा लिइएको छ ।

६. आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिको बैठकमा समेत छलफल भई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्यपुर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि समानीकरण अनुदान, सर्सत अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँड र आन्तरिक आम्दानी मार्फत आगामी आर्थिक बर्षको लागि बजेट सिमा उपलब्ध गराइएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरु सहित आगामी आर्थिक वर्षको लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कुल बजेट सीमा निर्धारण गरिएको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरु तथा विषयगत क्षेत्र समूहहरुको गठन गरिएको छ। वडा स्तरबाट प्राथमिकीकरण गरी आएका योजना तथा कार्यक्रहरुलाइ कार्यपालिका अन्तर्गत विभिन्न समितिहरु तथा समूहहरुमा छलफल गरी प्राप्त सुझावहरुलाई समेत समेटी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्षको लागि वजेट तर्जुमा गरी कार्यपालिकाको बैंठकबाट पारित भई छलफलका लागि आजको यस गरिमामय सभामा पेश गरिएको छ ।

७. अब म महाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु । गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि महाकुलङ आधारभूत अस्पताल पूर्ण रुपमा संचालनमा आएको छ । जनशक्ति तथा सम्पुर्ण उपकरणहरुको व्यवस्था गरी विशेषज्ञ सेवा सूचारु गरिएको छ । कृषि क्षेत्रमा विभिन्न वडामा कृषि क्षेत्रलाई सहयोग गर्ने तालिम तथा अनुदानका कार्यक्रम संचालन पश्चात यसले कृषकको आयस्तर वृद्धि गर्नमा सहयोग पुगेको छ ।

गाउँपालिका केन्द्र, वडा केन्द्र लगायतका बजार व्यवस्थित हुदै गएको छ । सडक़ संजालको कारण उत्पादित वस्तु बजारसम्म ल्याउन लैजान सहज हुदै गएको छ । राजश्व परिचालन लक्ष्य नजिक पुगेको देखिएता पनि अपेक्षित रुपमा आम्दानी गर्न सकेको छैन । त्यसैले राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । चालु आर्थिक बर्षसम्म गाउँपालिकाले दहत्तर बहत्तर कर नउठाएको तर गाउँवस्तीका खोला नालाको ढुंगा, गिट्टी उत्खनन तथा प्रशोधन भईरहेको साथै जलविद्युत कम्पनीहरुले हालसम्म कर नबुझाएकाले यसलाई नियमन गरी करको दायरामा ल्याउनुपर्ने देखिन्छ ।

महाकुलुङ गाउँपालिकाको चालु आर्थिक बर्षमा गाउँपालिकाको पाँचवटै वडाको वडा भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । गाउँपालिका प्रशासनिक भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । आ.व. २०८३/८४ बाट आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गरिनेछ ।

महाकुलुङ गाउँपालिकाको ५ वटै वडालाई बाह्रै महिना सडक सञ्जालले जोड्नको लागि हुँगा खोला, भुवा खोला, फुलवाती खोलामा मोटरेवल पुल निर्माण सम्पन्न भएका छन् । बुदुम खोलाको मोटरेबल पुल निर्माण कार्य भइरहेको छ भने कोङखो खोलाको बेलिब्रिज ठेक्का लगाइ सम्झौता सम्पन्न भइ निर्माण कार्य सुरु हुने चरणमा रहेको छ । आ.व. २०८३/८४ बाट तितिला बेलि ब्रिज निर्माण कार्य सुरु गरिनेछ ।

८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार पार्दा निम्नानुसारका कानुन/नीति तथा दस्तावेजहरुको सहयोग लिइएको छ ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- दिगो विकास लक्ष्य
- नेपाल सरकार कोशी प्रदेश र महाकुलुङ गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको मध्यमकालीन खर्च संरचना
- आन्तरिक आयको अवस्था र उपलब्ध श्रोत साधन
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु
- राजश्व परामर्श समितिको प्रतिवेदन आदि ।

९. अब म आगमी आर्थिक बर्ष २०८३।०८४ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु । बजेटका उदेश्य र प्राथमिकता निम्न अनुसार छन् ।

- यस गाउँपालिका भित्र नागरिकको जीवनस्तर उठाउने
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थान गर्दै निर्यात बढाउने
- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाउँपालिका नै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने
- उपलब्ध श्रोत साधनको न्यायोचित वितरण र विकासमा समान सहभागिता गराइने स्वास्थ्य र शैक्षिक गुणस्तर वृद्धि गर्ने
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने

- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गर्ने युवा स्वरोजगार कार्यक्रमलाई बढवा दिने
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाउने
- सेवा प्रवाहको गुणस्तर वृद्धि गरि प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने खाद्य सुरक्षाको प्रत्याभूति गर्ने

**सभाध्यक्ष महोदय,**

१०. अव म यस गरिमायम सभामा आगामी आर्थिक वर्ष २०८३।८४ को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमति चाहन्छु। आगामी आर्थिक वर्षको अनुमानित कुल बजेट रु ४० करोड ७२ लाख ३३ हजार कायम हुने अनुमान छ ।

जस मध्ये नेपाल सरकारको वित्तीय समानिकरण अनुदान तर्फ रु. ११ करोड ९ लाख, नेपाल सरकार सर्सत अनुदान तर्फ रु. १२ करोड ९६ लाख, संघीय राजश्व बाँडफाँड रु. १० करोड ६० लाख ९० हजार, प्रदेश सरकार समानीकरण अनुदान रु. ९२ लाख ४३ हजार, प्रदेश सरकार ससर्त अनुदान रु. ३३ लाख ५४ हजार, प्रदेश सवारी कर बाँडफाड रु. ८० लाख ४० हजार ५७७, प्रदेश समपुरक अनुदान रु. १ करोड ६० लाख, आन्तरिक राजश्व रु. ३६ लाख ५५ हजार ४२३, घरजग्गा रजिष्ट्रेशन ३ लाख ५० हजार साथै बैंक मौज्दात २ करोड हुने अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

११. कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, पूर्वाधार विकास, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन, राजश्व परामर्श समितिको प्रतिवेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क. संघीय सरकार सर्सत अनुदान कार्यक्रम रु. १२ करोड ९६ लाख

ख. प्रदेश सरकार सर्सत अनुदान रु. ३३ लाख ५४ हजार,

ग. प्रदेश समपुरक अनुदान रु. १ करोड ६० लाख

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सर्शत र समपुरक तर्फको कार्यक्रम कार्यक्रम कार्यान्वयन पुस्तिका र विनियोजित शिर्षकमा नै खर्च गरिनेछ ।

घ. महाकुलुङ गाउँपालिका वडा नं १ - जम्मा विनियोजित रु. १ करोड ३ लाख

ङ. महाकुलुङ गाउँपालिका वडा नं २ - जम्मा विनियोजित रु. १ करोड ३ लाख

च. महाकुलुङ गाउँपालिका वडा नं ३ - जम्मा विनियोजित रु. १ करोड ३ लाख

छ. महाकुलुङ गाउँपालिका वडा नं ४ - जम्मा विनियोजित रु. १ करोड ३ लाख

ज. महाकुलुङ गाउँपालिका वडा नं ५ - जम्मा विनियोजित रु. १ करोड ३ लाख

झ. महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा जम्मा विनियोजन रु. ३ करोड १३ लाख

ञ. महाकुलुङ गाउँपालिका शिक्षा शाखा जम्मा विनियोजन रु. २ करोड ५७ लाख ९७ हजार ५ सय

ट. महाकुलुङ गाउँपालिका कृषि शाखा जम्मा विनियोजन रु. ३० लाख

ठ. महाकुलुङ गाउँपालिका पशुसेवा शाखा जम्मा विनियोजन रु. ३० लाख

ड. महाकुलुङ गाउँपालिका महिला वालवालिका तथा सामाजिक समावेशीकरण शाखा रु ३० लाख ९३ हजार १ सय

ढ. महाकुलुङ गाउँपालिका न्यायिक समिति रु. १० लाख

ण. महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय रु. ६ करोड ५६ लाख ७४ हजार ४ सय

त. महाकुलुङ गाउँपालिका — रु. ७ करोड ३९ लाख १३ हजार ९ सय

**सभाध्यक्ष महोदय,**

आर्थिक बर्ष २०८३।०८४ को गाउँपालिकाको कुल बजेट विनियोजन रु **चालिस करोड बहत्तर लाख तेत्तीस हजार** रुपैयाँ विनियोजन गरिएको छ । उल्लेखित बजेट सिमाबाट तयार गरिएको योजना तथा कार्यक्रमको विस्तृत विवरण (सशर्त बाहेक) अनुसुचीमा प्रस्तुत गरिएको छ । जसमा अनुसुची १ मा गाउँपालिकाको योजना तथा कार्यक्रम, अनुसूची २ मा वडा कार्यालयहरूको योजना तथा कार्यक्रम, अनुसूची ३ मा गाउँकार्यपालिकाको कार्यालय र शाखा कार्यालयहरुको योजना तथा कार्यक्रमको वजेट रहेको छ ।

अव म आर्थिक वर्ष २०८३/८४ को लागि गाउँपालिका तर्फका योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि स्थानीय पूर्वाधार विकास विभाग (डोली) सँगको साझेदारीका लागी रु. ३५ लाख बजेट विनियोजन गरिएको छ। उक्त भवन निर्माणको लागि डोलीबाट कूल लागतको ६० प्रतिशत लगानी साझेदारी प्राप्त हुने व्यवस्था भएको जानकारी गराउन चाहन्छु । साथै उक्त प्रशासनिक भवनको फर्निचर तथा फिक्स्चर्सको लागि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था गरिएको छ ।

महाकुलुङ गाँउपालिका

- आगामी आर्थिक वर्षमा महाकुलुङ गाउँपालिकाको गौरवको आयोजना तथा महत्वकांक्षी विकास पूर्वाधारको रुपमा रहेको ईन्द्र कुलुङ महाकुलुङ चक्रपथमा बाह्रै महिना यातायात सञ्चालनमा ल्याउन मोटरेबल पुल निर्माण तथा सडक मार्ग निर्माण कार्यलाई तिब्रता दिइनेछ । कोङखो खोलाको बेलिब्रिज ठेक्का लगाई सम्झौता सम्पन्न भइ निर्माण कार्य सुरु हुने चरणमा रहेको छ । सोको लागि आवश्यक बजेट रु. समपूरक अनुदानतर्फको रु. १ करोड ६० लाख मा थप रु. २ करोड ४० लाख वजेट विनियोजन गरिएको छ ।
- तितिलाघाटमा बेलिब्रिज निर्माणको लागि रु. ३० लाख आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।
- वडा नं. ४ मा निर्माण भई रहेको प्रिति कुलुङ रंगशाला निर्माण क्रमागत रुपमा गर्नको लागि रु. १५ लाख २५ हजार वजेट विनियोजन गरिएको छ ।
- वडा नं. ४ सुम्खिम भवन निर्माण (क्रमागत) निर्माणको लागि वडालाई प्रदान गरिएको वजेट सिलिङबाट रु. १५ लाख वजेट विनियोजन गरिएको छ । साथै बुकुर पर्यटन पदमार्ग निर्माण (क्रमागत) शिर्षकमा रु. १० लाख वजेट विनियोजन गरिएको छ ।
- वडा नं. ५ मा वडालाई प्रदान गरिएको वजेट सिलिङबाट चाप्सोङला बाफुदो देवालु नौउवारी कृषि सडक ट्र्याक ओपन शिर्षकमा रु. २५ लाख वजेट विनियोजन गरिएको छ ।
- वडा नं. २ मा खानेपानी योजना क्रमागत रुपमा संचालन भई रहेकोमा वडालाई प्रदान गरिएको वजेट सिलिङबाट रु. ३५ लाख वजेट विनियोजन गरिएको छ ।
- बुदुम खोलामा निर्माण भई रहेको बुदुमखोला प्रिस्ट्रेस पुलको निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ । जसका लागि रु. १ करोड रकम विनियोजन गरिएको छ ।
- महाकुलुङ गाउँपालिकाको चालु वजेट तर्फ खेलकुद विकास, चाक्चाकुर पर्व महोत्सव कार्यक्रम, गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम, विपद तथा विपन्न सहायता कोषका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।
- स्थानीय आदिवासी जनजातिको भाषा संस्कृतिको संरक्षण, विकास गर्नको लागि शिक्षण सिकाई तालिम, शब्दकोष निर्माणका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।
- वडा नं. १ को चालु वजेट तर्फ सडक सरसफाई व्यवस्थापन, फोहोर व्यवस्थापन, नवजात शिशु स्वागत कार्यक्रम, मृत्यु संस्कार खर्च सहयोग कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरिएको छ । पूँजीगत वजेट तर्फ पदमार्ग निर्माण, सडक निर्माण तथा मर्मत सुधार, शैक्षिक पूर्वाधार निर्माण, सिचाईं कुलो, सांस्कृतिक सम्पदा संरक्षणलाई प्राथमिकता दिँदै वजेट विनियोजन गरिएको छ ।

- वडा नं. २ तर्फ चालु तर्फ खेलकुद साथै जनजाति, महिला, दलित, वालवालिका, एकल महिला, विधवा, ज्येष्ठ नागरिक जस्ता लक्षित वर्गको लागि आवश्यक वजेट व्यवस्था गरिएको छ । पूँजीगत वजेट तर्फ शिक्षा, खानेपानी, सडक, स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिदैं वजेट विनियोजन गरिएको छ ।
- वडा नं. ३ को चालुतर्फ लक्षित वर्ग, सडक सरसफाई व्यवस्थापन, खेलकुद, मालपोत तथा जग्गा व्यवस्थापनतर्फ वजेट व्यवस्थापन गरिएको छ भने पूँजीगत वजेटमा शैक्षिक पूर्वाधार, गोरेटो बाटो, खानेपानी, सडक, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर वजेट विनियोजन गरिएको छ ।
- वडा नं. ४ चालुतर्फ कार्यालय व्यवस्थापन तथा लक्षित वर्गलाई आवश्यक वजेट विनियोजन गरिएको छ । पूँजीगत तर्फ शिक्षा, सडक, कृषि, पर्यटन, खानेपानी तथा सरसफाईतर्फ आवश्यक वजेट विनियोजन गरिएको छ ।
- वडा नं. ५ चालुतर्फ कार्यालय व्यवस्थापन तथा लक्षित वर्गलाई आवश्यक वजेट विनियोजन गरिएको छ । पूँजीगत तर्फ शिक्षा, सडक, कार्यालय व्यवस्थापन, सडक निर्माण लगायतका योजनालाई प्राथमिकतामा राखिएको छ ।
- महाकुलुङ गाउँपालिकामा संचालित वृद्धाश्रम र शिशु स्याहार केन्द्र संचालनको लागि आवश्यक वजेट विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।
- विपद व्यवस्थापन कोष, विपद तथा विपन्न नागरिक आर्थिक सहायता कोष, एम्बुलेन्स संचालन कोष, प्रदेश समपूरक अनुदान, प्रारम्भिक वातावरणीय परीक्षण, गैर सरकारी संस्थासँग साझेदारी रकम चालु खर्च तथा पूँजीगत खर्च, निर्माण सम्पन्न हुने झोलुङ्गे पुलहरुको सह-लगानीका लागि आवश्यक वजेट विनियोजन गर्ने व्यवस्था गरिएको छ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन र उद्यमशीलतामार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगार प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न (रोजगार तथा श्रम बजार सम्बन्धमा ३९० घण्टाको उद्यमशीलता तालिम सञ्चालन)को लागि संघीय सरकार सँग साझेदारीमा कार्यक्रम संचालन गर्नको लागि रु. १० लाख ४७ हजार रकम विनियोजन गरिएको छ ।
- बहुवर्षे तथा क्रमागत योजना अन्तर्गत चालु आवमा विनियोजन भएको वजेटबाट खर्च हुन नसकी बाँकी हुने वजेटलाई सोही शीर्षकमा आगामी आर्थिक वर्षमा रकम सारेर भूक्तानी गर्ने व्यवस्था मिलाइएको छ ।
- एक्सन फर नेपालसँगको साझेदारीमा निर्माण गर्न लागिएको छेस्काम स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि रु. ५६ लाख वजेट विनियोजन गरिएको छ।

महाकुलुङ गाउँपालिका

- महाकुलुङ गाउँपालिकाका नागरिकलाई गाउँपालिकाबाटै नापी तथा मालपोतको आधारभूत सेवा भूमि प्रशासन शाखाबाट उपलब्ध गर्न गराउनको लागि आवश्यक बजेटको प्रवन्ध मिलाइएको छ ।
- गाउँपालिकाको सुशासन प्रवर्द्धन तथा क्षमता विकास लगायतका कार्यक्रम संचालन गर्नको लागि कर्मचारी, अभिमुखीकरण तालिम, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण, घुम्ती सेवा व्यवस्थापन लगायतका कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्थापन गरिएको छ ।
- महाकुलुङ गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको भौतिक विकासको लागि आवश्यक वजेट प्रवन्ध गरिएको छ ।
- गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन गर्न संघीय बजेटले प्रदान गरेको तलब वृद्धिलाई निरन्तरता दिने व्यवस्था गरिएको छ । साथै करार सेवामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरूलाई चालु आ.व.को आधार तलबको १० प्रतिशत थप गर्न, गाउँपालिका भित्रका पालिका अनुदान शिक्षक, बाल सहयोगी, कार्यालय सहयोगी र विद्यालय कर्मचारी (लेखापाल)लाई चालु आ.व.मा खाइपाई पाएको तलबको १० प्रतिशत थप गर्न र प्रोत्साहन भत्ताको रूपमा महँगी भत्ता उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ अन्तर्गत कार्यरत स्थायी सेवाका सम्पूर्ण कर्मचारी तथा कामका चाप पर्ने समयमा अतिरिक्त समय काम गर्ने कर्मचारीका लागि कार्यविधी ऐन अनुसार प्रोत्साहन प्रदान गर्न शिक्षक कर्मचारी प्रोत्साहनलाई निरन्तरता दिइएको छ ।

सभाध्यक्ष महोदय,
अव म विभिन्न विषयगत शाखाहरु तर्फ विनियोजन हुने वजेटका मूख्य व्यवस्थाहरु प्रस्तुत गर्न चाहन्छु,

**कृषि तर्फ**

- ७५ प्रतिशत अनुदानमा कृषकहरुलाई उन्नत बिउविजन उपलब्ध गराउने, प्लास्टिक टनेल निर्माणको लागि प्लास्टिक अनुदान कार्यक्रमको लगि आवश्यक वजेट व्यवस्था गरिएको छ ।
- कृषि मेला प्रदर्शनी, रोग किरा व्यवस्थापन, अलैंची खेती विस्तार, जडिबुटी खेती प्रवर्द्धन, सुन्तला जात फलफूल बगैंचा स्थापना, कृषि बाली संरक्षण तथा जैविक विषादी प्रवर्द्धनका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

**पशुपन्छी विकासतर्फ**

महाकुलुङ गाउँपालिका

- पशुपंक्षी उपचारको लागि आवश्यक औषधी खरिद कार्यलाई निरन्तरता दिएइको छ । जै घाँस, भूईंघाँस वितरण कार्यलाई निरन्तरता दिइएको छ ।
- जुनोटिक रोग सम्बन्धी विद्यालयस्तरीय तालिम, कृत्रिम गर्भधारणको लिक्विड नाइट्रोजन, सिमेन तथा आवश्यक उपकरण खरिद गर्न आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

<u>**शिक्षा तर्फ**</u>

- गाउँपालिकाले शिक्षामा गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा नियुक्ति गरेका पालिका अनुदानका शिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ । जसका लागि गाउँपालिका अनुदान शिक्षक तलव भत्ता रु १ करोड ६५ लाख ८९ हजार ८ सय विनियोजन गरिएको छ साथै बाल सहयोगी शिक्षक, कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीहरुलाइ दिइदै आएको प्रोत्साहन भत्तालाई समेत निरन्तरता दिइनेछ जसको लागि रु ६६ लाख १० हजार ५ सय विनियोजन गरिएको छ ।
- राष्ट्रपति रनिङ शिल्ड खेलकुद, आधारभूत तह कक्षा ८ परिक्षा संचालनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

<u>**स्वास्थ्य तर्फः**</u>

- दीर्घरोगीहरुको स्वास्थ्य उपचारमा देखिएको समस्या न्यूनीकरणको लागि सञ्चालनमा रहेको दीर्घरोगीहरुका लागि स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । जसका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।
- ९८ प्रकारका औषधी निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको छ, सो औषधी खरिदका लागि सशर्त अनुदान बाहेक रु १८ लाख बजेट विनियोजन गरिएको छ ।
- विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको करार सेवालाई निरन्तरता दिइनेछ ।
- महाकुलुङ आधारभुत अस्पतालबाट CEONC सहितको विशेषज्ञ सेवा, तिलगंगा आँखा अस्पतालको सहकार्यमा आँखा उपचार सेवा, आयुर्वेद सेवा तथा BDS सहितको डेन्टल सेवालाई निरन्तरता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम, आमा सुरक्षा तथा नवजात शिशु व्यवस्थापन कार्यक्रम र महामारी रोग नियन्त्रण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- आगामी आर्थिक वर्ष समुदायमा नसर्ने रोगको अवस्था, प्रवृत्ति र जोखिम कारक अध्ययन गरिनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरिइएको छ ।

**महिला तथा वालवालिका**

- करुणा फाउन्डेशनको प्राविधिक सहयोगमा महाकुलुङ गाउँपालिका र कोशी प्रदेश सरकारको साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । जसको लागि आवश्यक बजेटको प्रवन्ध मिलाइएको छ ।
- अन्तराष्ट्रिय महिला दिवस मनाउन, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान र लैङ्गिक उत्तरदायी तथा सामाजिकं समावेशी बजेट परीक्षण लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- ज्येष्ठ नागरिक हेरचाह केन्द्र तथा शिशु स्याहार केन्द्र संचालनको लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

वडा तर्फः

गाउँपालिकाको योजना निर्माण प्रकृयामा सबै वडाहरुको सहभागिता र अपनत्व भए पनि विकेन्द्रित तथा वडाहरुको उच्च प्राथिमिकतामा परेका योजनाहरु तथा लक्षित कार्यक्रम छनौट गर्न विशेष स्वायत्तता मिलोस भनि प्रत्येक वडा लाई रु. १ करोड ३ लाखका दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाइएको छ । ती योजना तथा कार्यक्रमहरुको लागि कुल रु ५ करोड १५ लाख बजेट विनियोजन गरिएको छ । प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, गाउँ र वस्तिहरुमा योजना छनौट गर्न सहयोग पुयाउने वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, नागरिक समाज, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु सबै क्षेत्रका विशिष्टकृत महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।
प्रस्तुत आर्थिक विधेयक तथा विनियोजन विधेयकमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेटलाई गाउँसभाबाट पारित गरी प्रस्तुत वजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु। साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सवै क्षेत्रका विशिष्टकृत महानुभावहरु एंव राष्ट्रसेवक कर्मचारीहरुमा विशेष अनुरोध गर्दछु ।

धन्यवाद।

विपना कुलुङ
उपाध्यक्ष
२०८३।०३ । १०

महाकुलुङ गाउँपालिका